नेपाल सरकार

अर्थ मन्त्रालय

# महालेखा नियन्त्रक कार्यालय

# Financial Comptroller General Office

पत्र संख्या:

चलानी नं.:

## प्रेस विज्ञप्ती

## "International Card Network बाट राजस्व भुक्तानीको सुरुवात"

आज मिति २०८२ साल असोज २ गते, बिहीबारको दिन नेपाल सरकारका अर्थमन्त्री श्री रामेश्वर प्रसाद खनालज्यु तथा मुख्य सचिव श्री एकनारायण अर्यालज्यूबाट राजस्व व्यवस्थापन सूचना प्रणाली (RMIS) मा अन्तर्राष्ट्रिय भुक्तानी प्रणाली (International Card Network) अन्तर आबद्धताको शुभारम्भ सुसम्पन्न भयो ।

राजस्व व्यवस्थापन सूचना प्रणालीमा International Card Network को अन्तर आबद्धता सुरु भएपछि विदेशमा रहेका सेवाग्राही र नेपाल आउने पर्यटकको लागि राजस्व भुक्तानी प्रक्रियाले सेवा प्रवाहलाई paperless, faceless बनाउनुका साथै चौविसै घण्टा सातै दिन सेवा प्रवाह सुनिश्चित हुनुका साथै राजस्व संकलन द्रुत, पारदर्शी, अन्तर्राष्ट्रिय पहुँचयुक्त र सेवाग्राहीमैत्री हुन गै Digital Economy को प्रबर्द्धनमा टेवा पुग्ने अपेक्षा नेपाल सरकारले लिएको छ ।

यो भुक्तानी प्रणालीबाट Master Card, Visa Card, Alipay लगायतका International Card Network मा आबद्ध कार्डहरू मार्फत नेपाल सरकार अध्यागमन विभागद्वारा निर्धारित सेवा प्राप्त हुनेछ । यसले त्रिभुवन विमानस्थल लगायतबाट प्रवेश गर्ने पर्यटकहरूले सहजरुपमा यो सेवा लिन सुरु भएको छ ।

यो सेवा हाललाई अध्यागमन विभाग र अन्तर्गतका निकायबाट प्रवाह हुने अध्यागमन सम्बन्धी राजस्व भुक्तानीमा सुरुवात भएता पनि आगामी दिनमा नेपाल सरकारका अन्य निकायहरूमा पनि विस्तार हुँदै जाने छ ।

मिति २०८२।०६।०२

दिपक लामिछाने

प्रवक्ता